नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पाँचथर, फिदिम

पत्र सख्या -: २०७६/०७७ | मिति २०७७।०३।२६

चलानी नं.

## जिल्ला प्रशासन कार्यालय, पाँचथरको परिमार्जन आदेश सम्बन्धी सूचना

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७७।०३।१५ गतेको निर्णय एवं गृह मन्त्रालयको च.नं ४४७८,मिति २०७७।०३।१६ को परिपत्र अनुसार विश्वव्यापी महामारीको रुप लिएको कोभिड – १९ को संक्रमण सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ को उप दफा (२) बमोजिम मिति २०७७ साल श्रावण ६ गते मंगलबार मध्यरात सम्मको लागि पाँचथर जिल्लाभर लागु हुने गरी मिति २०७७।०३।१६ गते निरन्तरता दिईएको आदेशलाई नेपाल सरकार ( मन्त्रीपरिषद्) को मिति २०७७।०३।२३ गतेको निर्णयानुसार देहाय बमोजिम परिमार्जन गरी मिति २०७७ साल श्रावण ६ गते मंगलबार मध्यरात सम्मको लागि निरन्तरता दिइएकोले सोहि बमोजिम गर्नु हुन अनुरोध छ। आजसम्म आदेशको पालना गर्न गराउन सहयोग गर्नु हुने सम्पूर्ण पाँचथर जिल्लाबासीहरुमा जिल्ला प्रशासन कार्यालय, पाँचथर हार्दिक आभार व्यक्त गर्दछ।

१. **देहाय बमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्नेः-**
   - क. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र),
   - ख. तोकिए बाहेकका अन्तराष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत,
   - ग. सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार,
   - घ. सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन,
   - ङ. सीनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल,
   - च. सार्वजनिक पुस्तकालय, संग्रहालय, चिडियाखाना,
   - छ. स्पा, शैलुन तथा व्युटिपार्लर,
   - ज. स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लव,
   - झ. सपिङ मल,
   - ञ. समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति,
   - ट. सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल,
   - ठ. यात्रुवाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधन समेत),
   - ड. यस जिल्ला भित्र मात्र सञ्चालन हुने, यात्रुबाहक सार्वजनिक सवारी साधनबाहेकका अन्य यात्रुबाहक सार्वजनिक सवारी साधन।

२. **देहाय बमोजिमका सेवा र कार्यहरु मिति २०७७।०४।०६ गते सम्म सञ्चालन गर्नेः-**
   - क. स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिक समेत),
   - ख. सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय (उत्पादन देखि बिक्री वितरणसम्मका सबै श्रृङ्खला),
   - ग. उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर,
   - घ. सबै प्रकारका ढुवानी,

अर्जुन कुमार शर्मा(गुरागाई)
प्रमुख जिल्ला अधिकारी

फोन नं.०२४ – ५२००८८/५२०२५० फ्याक्स नं. ०२४ – ५२०१३३ Email: dpanchthar@gmail.com

Website: daopanchthar.moha.gov.np

सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन

ङ. पैदल आवागमन,

च. साइकल

छ. यस जिल्ला भित्र मात्र जोर विजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सवारी साधन(चालक बाहेक थप २ जनासम्म र परिवारभित्रका ५ वर्षसम्मका बालबालिका मात्र सवार हुने) र जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी मोटरसाइकल,

१. यस जिल्ला भित्र मात्र सञ्चालन हुने ट्याक्सी (चालकबाहेक बढीमा २ जना सम्म र परिवारभित्रका ५ वर्षसम्मका बालबालिका मात्र सवार हुने)

२. यस जिल्ला भित्र मात्र सञ्चालन हुने यात्रुबाहक सार्वजनिक यातायात (चालक सहित सिट क्षमताको बढिमा ५० प्रतिशत यात्रु रहने, एक पङ्तिको सिटमा सामाजिक दूरी कायम हुनेगरी एक जना मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, सवारी साधनमा यात्रु चढ्ने समयमा सवारी साधनको ढोकामा र सवारी साधन भित्र स्यानिटाईजरको व्यवस्था गर्ने, चालक तथा सह-चालकले समेत अनिवार्य रुपमा मास्क, भाइजर र पन्जा लगाउने र सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने)

**स्पष्टिकरणः यो व्यवस्था लागू रहँदासम्मका लागि मात्र यस उपखण्डको प्रयोजनको लागि ट्याक्सी बाहेकका अन्य सवारी साधनका हकमा तोकिएको भाडा दरको पचास प्रतिशतसम्म थप भाडा लिन पाउनेछ ।**

ज. फोहरमैला व्यवस्थापन,

झ. विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण, हुलाकसम्बन्धी सेवा,

ञ. बैक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा,

ट. नर्सरी र वनजन्य उद्यम,

ठ. विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धित समेत),

ड. निर्माण कार्य (निजी समेत),

ढ. नदी तथा खानीजन्य पदार्थ उत्खनन्, संकलन, ढुवानी र विक्री वितरण,

ण. रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा,

त. क्वारेन्टिनका लागि तोकिएको होटल र यातायातका साधन,

उल्लेखित सेवा तथा कार्यहरु सञ्चालन गर्दा परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा हाल गरिएको व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ । तर त्यसरी सेवा तथा कार्यहरु सञ्चालन गर्दा दुई मिटरको सामाजिक दुरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटकपटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने ।

अर्जुन कुमार शर्मा(गुरागाई)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## पाँचथर, फिदिम

३. मिति २०७७।०४।०६ गते सम्म सञ्चालन गर्नेसेवा तथा कार्यहरुः

क. सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तीय संस्थाहरु (बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने),

ख. उद्योग, प्रतिष्ठान र निजी सेवाप्रदायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सिटको एक लहरमा एक जना यात्रु मात्रै राख्ने, सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने)

ग. आदेशमा उल्लेखित सेवा वा कार्य सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषयहरुको सम्बन्धमा जारी गरेको प्रोटोकल लागू गर्ने ।

**४. अत्यावश्यक काममा अन्तर जिल्ला आवगमन गर्नु परेमा यस अघि जस्तै सवारी पास अनिवार्य लिनु पर्ने छ।**

**५. व्यवसायीहरुले औषधिजन्य सामग्री लगायत अत्यावश्यक सामग्रीहरुको नियमित आपूर्तिको व्यवस्था गर्ने र अभाव देखाई मुल्य वृद्धि गर्ने वा कालोबजारी, जम्मखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रणमा लिई, सामग्री जफत गरी कोरोना रोकथाम तथा उपचार कार्यमा उपयोग गरिने छ।**

**६. आदेशमा सञ्चालन नगर्ने भनि उल्लेख भएका कार्यहरु गरेमा वा कामका बाधा पुऱ्याएमा कसुर बमोजिम १ महिना देखि ६ महिनासम्म कैद वा रु १ सय रुपैया देखि ६ सय रुपैयासम्म जरीवाना वा दुवै सजाय हुने व्यहोरा समेत सूचित गरिन्छ। आजसम्म आदेशको पालना गर्न गराउन सहयोग गर्नु हुने सम्पूर्ण**

२०७७।०३।२६

अर्जुन कुमार शर्मा(गुरागाई)
प्रमुख जिल्ला अधिकारी